ISSN No. 2382-5138

# अपरा

विज्ञ समीक्षित अनुसन्धान पत्रिका

त्रिभुवन विश्वविद्यालय
पद्मकन्या बहुमुखी क्याम्पस
नेपाली विभाग
बागबजार, काठमाडौं

ISSN No.: 2382-5138

# अपरा

(विज्ञ समीक्षित अनुसन्धान पत्रिका)

(पूर्णाङ्क ३, २०७६ फागुन)

**सम्पादक**

प्रा. डा. नन्दीशप्रसाद अधिकारी

प्रा. डा. ज्ञानू पाण्डे

प्रा. डा. सावित्री कक्षपति मल्ल

सहप्रा.डा. ध्रुवप्रसाद भट्टराई

सहप्रा. प्रभा भट्टराई

**त्रिभुवन विश्वविद्यालय**

**पद्मकन्या बहुमुखी क्याम्पस**

**नेपाली विभाग**

**बागबजार, काठमाडौं**

मूल्य रु. ५००/-

# सम्पादकीय

विश्वविद्यालयको पठनपाठनको मेरुदण्ड अनुसन्धान हो । यस पक्षमा विश्वविद्यालय स्वयम् र मातहतका महाविद्यालयहरूमा अनुसन्धान गतिविधिलाई निरन्तरता दिइँदै आएको छ । प्राध्यापक तथा विद्यार्थीवर्ग पनि गम्भीरतापूर्वक आफ्नो प्राज्ञिक उन्नयनका क्षेत्रमा क्रियाशील रहेको पाइन्छ । पद्मकन्या बहुमुखी क्याम्पस, नेपाली विभाग पनि अनुसन्धानकार्यलाई प्राथमिकतासाथ अग्रगति दिन प्रयासरत छ । त्यसको प्रामाणिक दस्तावेजका रूपमा **अपरा** विज्ञ समीक्षित अनुसन्धान पत्रिका प्रकाशित हुने गरेको छ ।

**अपरा** को प्रस्तुत तेस्रो अङ्कमा जम्मा २१ ओटा महत्त्वपूर्ण सामग्रीहरू सङ्कलन गरिएका छन् । यिनले विषय क्षेत्रगत तथा शैलीगत विविधतालाई प्रस्तुत गरेका छन् । यसमा मूलतः व्यावहारिक अनुसन्धान, लोकसाहित्यिक अनुसन्धान, भाषिक अनुसन्धान र व्यक्तित्वपरक अनुसन्धानसँग सम्बन्धित आलेखहरू रहेका छन् । यीमध्ये पूर्वीय र पाश्चात्य दुवैतर्फका समालोचनात्मक सिद्धान्तलाई आधार बनाई गरिएका अनुसन्धानको बहुलता रहेको छ । यी सामग्रीहरू नेपाली भाषा, साहित्य, लोकसाहित्य क्षेत्रसँग सम्बद्ध अध्येता एवम् विद्वद्वर्गका लागि उपयोगी रहेका छन् । विज्ञसमीक्षित अनुसन्धान पत्रिका **अपरा**मा प्रकाशित आलेखको ढाँचासम्बन्धी प्रावधानहरू अग्रपृष्ठमा प्रस्तुत गरिएको छ । संलग्न सामग्रीहरू यसै पत्रिकामा सर्वप्रथम प्रकाशित भएका हुन् ।

**अपरा**को यस अङ्कमा समाविष्ट लेखकवर्ग तथा अन्य सहयोगी सबैमा हामी प्राप्त सहयोगका लागि आभार प्रकट गर्दछौँ ।

**सम्पादकवर्ग**

# विषयसूची


| लेखक | शीर्षक | पृष्ठ |
|---|---|---|
| अनुपमा रेग्मी | पहाड र प्रेम कवितासङ्ग्रहका कवितामा उपमा अलङ्कार | १ |
| डा. अम्बिका अर्याल | समानान्तर आकाश उपन्यासमा नारीवादी सङ्केन्द्रीकरण | १८ |
| आनन्द सिलवाल | प्रेम छोटाका कथामा अभिव्यक्त सामाजिक पक्ष | ३२ |
| उमाकुमारी कुँवर | आजकी शकुन्तला कथामा लैङ्गिकता | ४३ |
| उषा आचार्य | परेवाको प्वाँख कवितामा ध्वनिसौन्दर्य | ५२ |
| गुरुप्रसाद पोखरेल | माधुरी नानी कथामा प्रजाति, क्षण र परिवेश | ६६ |
| डा. चन्द्रमान श्रेष्ठ | उसले राजेको बाटो उपन्यासमा विश्वदृष्टि | ७८ |
| चूडामणि काफ्ले | टाइपिस्ट कथाको वस्तुविश्लेषण | ८८ |
| ज्ञाननिष्ठ ज्ञवाली | एक रात कथाको समाख्यानशास्त्र | ९८ |
| ज्ञानु अधिकारी | अर्को आइमाई उपन्यासमा नारीचेतना | १०७ |
| दिव्येश्वरी जोशी | आज रमिता छ उपन्यासमा विसङ्गतिबोध | ११७ |
| निर्मल सापकोटा | कर्तव्य कथामा पात्रविधान | १२६ |
| पशुपति नेउपाने | प्रमिथस महाकाव्यको परिवेश | १३८ |
| डा. फणीन्द्रराज निरौला | तेस्रो पाइला कथासङ्ग्रहमा सामाजिक समस्या | १५३ |
| मनमाया सापकोटा | निमावीय एकाङ्कीका प्रयोगशील पक्षहरू | १६७ |
| डा. मुकुन्द शर्मा | मगरका नचरीमा समान सांस्कृतिक प्रभाव | १७८ |
| रमा के.सी. | हुरीको गीत कवितामा ध्वन्यर्थ | १९४ |
| लोकराज भण्डारी | जयराज पन्तको समालोचकीय प्रवृत्ति | २०५ |
| डा. विदुरकुमार चालिसे | मध्यकालका मल्ल/पर्वते भाषाको विश्लेषण | २१५ |
| शारदा खनाल | राइटर बाजे कथाको संरचनात्मक विश्लेषण | २३१ |
| डा. शैलेन्दुप्रकाश नेपाल | नरसिंह अवतार काव्यको प्रयोगशील पक्ष | २४५ |

## अपरा (विज्ञ समीक्षित अनुसन्धान पत्रिका)

# लेख प्रकाशनको प्रावधान/ढाँचा

पद्मकन्या बहुमुखी क्याम्पस, नेपाली विभागबाट प्रकाशित हुने विज्ञ समीक्षित अनुसन्धान पत्रिका **अपरा**का लागि लेखको प्रावधान /ढाँचा निम्नानुसार गरिएको छ :

क. **लेखसार :** सम्पूर्ण लेखमा भएका शब्दको पाँच प्रतिशतसम्म, लेखसारमा लेखको परिचय, लेखमा अवलम्बन गरिएको अध्ययनविधि, लेखमा विमर्श गरिएको विषयक्षेत्र र लेखको नतिजा/निचोडलाई क्रमशः प्रस्तुत गरिएको,

ख. शब्दकुञ्जी ५ देखि ७ शब्दसम्म, शब्दकुञ्जीका शब्द वर्णानुक्रमानुसार राखिएको। शब्दकुञ्जीमा भएका शब्दले लेखभित्र पारिभाषिक अर्थ राखेको,

ग. **अक्षरको आकार :** शीर्षकको फन्ट साइज २०, उपशीर्षकको १६ बोल्ड र मूल पाठको १६ फन्ट सादा र प्रिति फन्टमा भएको। उपशीर्षक र उपउपशीर्षकलाई नम्बर दिइएको, जस्तै : १, १.१, १.१.१

ङ. **लेखको ढाँचा**

**१. विषयपरिचय :** विषयपरिचयको सुरुमा शीर्षकलाई परिभाषीकरण, शीर्षकले ओगटेको विषयक्षेत्र निर्धारण, मुख्य प्राज्ञिक समस्या र उद्देश्यको स्पष्ट किटान, पूर्वकार्यको अध्ययनका आधारमा अनुसन्धान–रिक्तता देखाउँदै यस लेखको औचित्य स्थापना र सीमाङ्कन जस्ता पक्षलाई विषयपरिचयअन्तर्गत समावेश गरिएको छ।

२. **अध्ययनको उद्देश्य र समस्या :** बुँदामा नभई एउटै अनुच्छेदमा राख्ने।

३. **अध्ययन विधि** (अनुच्छेदमा राख्ने)।
सामग्री सङ्कलन र विश्लेषण विधि उल्लेख गर्ने, यस उपशीर्षकमा लेखमा सङ्कलन गरिएका सामग्रीका स्रोत, सामग्री सङ्कलन कार्य उल्लेख गरिएको हुनुपर्ने।

४. **सैद्धान्तिक आधार**
विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा स्पष्ट उल्लेख गरिएको।

५. **सामग्री विश्लेषण :** आवश्यकतानुसार उपशीर्षक राखिएको, लेखको मूल शीर्षक र उपशीर्षक हुबहु एउटै नभएको।

**६. निष्कर्ष**

**सन्दर्भसामग्री सूची**

भित्री लेखमा कोष्ठटिप्पणी दिँदा कोष्ठकमा (लेखकको थर, साल : पृष्ठ नलेखी पृष्ठ सङ्ख्या) लेख्ने।

**सन्दर्भसामग्री सूचीमा**

क. लेखकको थर, नाम (प्रकाशन मिति), **पुस्तकको नाम बोल्ड**, ...संस्करण, प्रकाशकको नाम।

ख. लेखकको थर, नाम (प्रकाशन मिति), *लेखको नाम इटालिकमा*, **पुस्तक/पत्रिकाको नाम बोल्ड**, ...संस्करण, सम्पा. (सम्पादकको नाम), प्रकाशकको नाम, पृ. ...देखि ...सम्म।

ग. शोधकर्ताको थर, नाम (मिति), "शोधपत्र/शोधप्रबन्धको शीर्षक," स्नातकोत्तर/दर्शनाचार्य/विद्यावारिधि अप्रकाशित शोधपत्र/शोधप्रबन्ध, संस्था।

# मध्यकालका मल्ल/पर्वते भाषाको विश्लेषण

■ डा.विदुरकुमार चालिसे[1]


## लेखसार

*लेखमा हालको नेपाली भाषाको मध्यकालमा रहेको मल्ल / पर्वते भाषामा विकास भएका भाषिकाका सम्बन्धमा चर्चा गरिएको छ। सिंजाली भाषाका प्रवृत्तिहरूमा देखापरेका नयाँ तथ्य नै भाषाबाट भाषिकामा जाने आधार भएकोले सिंजाली भाषाको एकात्मक व्यवस्थामा रहेको हालको नेपाली भाषा मलय वर्माको वि.सं. १४५० को शासन कालपछि बिस्तारै विभाजित हुँदै गएको खसराज्यको राज्य विभाजनसँगै भाषाको कथ्य प्रयोगका साथै कथ्यको लेख्यमा देखिने स्वरूपमा पनि परिवर्तन गर्दै लगेको देखिन्छ। सिंजाली भाषा कालको एकात्मक भाषिक नाम नै वि.सं. १४५० को मध्यकालपछि मल्ल तथा पर्वते भाषाको नामले वि.सं. १८३१ सम्मको पृथ्वीनारायण शाहको राज्य एकीकण अभियानको प्रथम पाइलोसम्म जातीय विशेषको भाषाको रूपमा विकास भएर आएको देखिन्छ भने अभिलेख लेखनमा समेत अन्य स्थानीय भाषाको प्रभावका कारणले सो सिंजाली भाषा मध्यकालमा आइपुग्दा मल्ल तथा पर्वते भाषाको रूपमा जसरी चिनिए पनि तिनै नामका भाषाबाट जुम्ली, डोटेली तथा पूर्वी भाषिकाको रूपमा यो कालमा विकास भएको तथ्यलाई निष्कर्षका रूपमा दिइएको छ। साथै भाषिका स्तरको रूपमा अभिलेख लेखनमा देखिएका यस्ता भाषिकाका नयाँ सूचनाहरूलाई ऐतिहासिक तथ्यसहित् अति सूक्ष्म सङ्क्षेपमा केन्द्रीकृत रूपमा कालक्रमिक एवं समकालिक भेदको विश्लेषण पद्धतिका आधारमा भाषिक भेदका विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ।*


**शब्दकुञ्जी :** जुम्ली, डोटेली, पर्वते, पूर्वीय, भाषा/भाषिका, मध्यकाल, मल्ल, सिंजाली।

## १. विषय परिचय

जब भाषाहरूमा विभिन्न कारणले यथास्थितिको प्रयोगशीलताको धर्मलाई नाघेर भाषाभित्र विभिन्न स्वरूपहरू देखापर्दछन् तब त्यस्ता भाषाहरूमा भेदहरू देखिन्छन्। वक्ताले आफ्नो कथ्य होस् वा लेख्यको प्रयोगशीलतालाई बदल्दछ भने त्यस्तो अवस्थामा भाषाले आफ्ना उच्चारण, व्याकरण र अर्थका प्रयोगका स्वरूपहरू परिवर्तन गर्दछन्। यसैले पृथ्वीनारायण शाहको दिव्योपदेशमा प्रयुक्त 'बुढा मरे भाषा सरे' भन्ने

---

[1]डा.चालिसे पद्मकन्या बहुमुखी क्याम्पस, बागबजारमा प्राध्यापनरत हुनुहुन्छ।

आहानले निर्देशन गरेको सामान्य अर्थ भाषाबाट भाषिका परिवर्तनको सन्दर्भलाई केलाउने महत्त्वपूर्ण आधारको रूपमा लिन सकिन्छ। यसबारे अहिलेसम्म भएका पूर्वकार्यहरूलाई अध्ययन गर्दा कुनै अनुसन्धान भएको नपाएकोले यस्तो विषयको अनुसन्धानका रिक्तताहरूलाई महसुस गरिएको छ। एक युगको समाप्तिपछि अर्को युगको सुरु हुँदा भाषामा देखिने परिवर्तनको स्थिति अत्यन्त तरल ढङ्गले अगाडि बढेको हुन्छ। यसै सन्दर्भमा सबल खसराज्यको प्रमुख तत्कालीन सरकारी कारोवारको भाषाको रूपमा बिस्तारै विकास भएर आएको सिंजाली भाषा थियो। युद्ध अभियानमा राखिने शासकहरूका जीत खम्ब, शिलालेख, मठ मन्दिरको सुरक्षामा लेखिएका ताम्रपत्र, रजत पत्र तथा दान दातव्यका लागि लेखिने लेखोटहरूबाट नै सिंजाली भाषाको प्रयोग र सरकारी भाषाको स्तर कायम गरेको पाइन्थ्यो तापनि तिनै सरकारी भाषाको रूपमा प्रचलनमा आएको तत्कालीन सिंजाली भाषाले कथ्यको लेख्य भाषा कालमा पश्चिमा कुमाउँ गढवालसम्म, उत्तरमा गुगे, पुरांग र खोजरनाथसम्म, पूर्वमा गोरखाको ताघवाई गुम्बासम्म र दक्षिण सिवालिक पर्वत र सो वरिपरिका पहाडी एवं उपत्यकासम्म सिंजाली भाषाले आफ्नो सरकारी कामकाजको भाषाको रूपमा कार्यसम्पन्न गरेको देखिन्छ। खसराज्यको विभाजनसँगै मलय वर्माको वि.सं. १४५० को राज्यसञ्चालनको समयपछि आफ्ना तीन छोरा र एक छोरीलाई खसराज्यभित्रका दैलेख, जाजरकोट, जुम्ला तथा डोटी राज्यलाई अंशबण्डाका रूपमा राज्य विभाजित गरेर भाग लगाउने कार्यपछि तत्कालीन सिंजाली भाषाले वक्ता र स्रोताका बीचमा, भाषा उच्चारण, व्याकरण, अर्थ तथा प्रयोगशीलतामा विभेदहरू देखिए। पछिल्लो समयमा सिंजाली भाषासँगै वक्ता र स्रोताहरू छुटिए र भौगोलिकता, राज्यका निर्देशन, बोधगम्यता, भाषा प्रयोक्ताका बीचमा ज्ञानको स्तरमा भएको अस्तरीय लेखन तथा कथ्यमा देखिने व्यक्ति बोलीको प्रभावका कारणले वस्तुगत सन्दर्भ र स्वभावबाट लाग्ने अर्थमा परिवर्तनहरू भए। यसैबाट नै प्राचीन कालको सिंजाली भाषाको विकासको क्रममा देखापरेको अवरोध वि.सं. १४५० पछिको मध्यकालमा सिंजाली भाषाको अनेकताको प्रभावमा भाषिकाको बिस्तारै विकास भएको देखिन्छ। यसै क्रममा अभिलेख लेखनमा पनि यसको ठुलो प्रभाव परेको पाइएकोले अभिलेखीय अवस्थाको मध्यकालमा प्राचीन कालको सिंजाली भाषाको नामले चिनिए पनि वि.सं. १४५० देखि १८३१ सम्मको समयलाई मध्यकाल मानेर सीमाबद्ध भई यो भाषा मल्ल तथा पर्वते भाषाको रूपमा चिनिन पुगेको देखिन्छ। यिनै विभिन्न उपनामधारी भाषाभित्र रहेका परिवर्तनका अनेक तथ्यहरूले भाषिकाको निर्माण गरेको तथा ती विषयहरूलाई अध्ययन गरी निष्कर्ष दिनुपर्ने औचित्य रहेको छ। त्यसैले यो लेखको अध्ययनको सीमा वि.सं. १४५० देखि वि.सं. १८३१ सम्मका अभिलेखमा सीमित गरी अध्ययनलाई सीमाङ्कनसमेत गरिएको छ।

मध्यकालको मल्ल/पर्वते भाषाका अभिलेख लेखनमा देखापरेका भाषाका नयाँ रूपहरू पक्कै छन्। ती नयाँ रूपहरू भाषिकाको रूपमा रहेकाले त्यस्ता भाषिकाको विश्लेषण गरिएको पाइँदैन। त्यसैले मध्यकालका विभिन्न राज्यहरूबाट प्रकाशित भएका अभिलेखहरूमा सामाजिक भेदका कारणले क्षेत्रगत आधारमा जुम्ला राज्यको परम्परा र सेरोफेरोमा रहेका राज्यहरू, डोटी र त्यसका अधीनमा रहेका राज्यहरू तथा चौबीसी राज्य र त्यस पूर्वका राज्यहरूमा प्रयोग गरिने भाषामा देखिएको मध्यकालको भाषाको विश्लेषण गर्ने प्रयास गरिएको छ।

## २. अध्ययन विधि

यस लेखलाई आवश्यक पर्ने सामग्रीहरू पुस्तकालयीय विधिबाट सङ्कलन गरिएको छ। अग्रजहरूबाट प्रकाशित सिंजाली भाषाको अभिलेखसँग सम्बद्ध कृतिहरूभित्र रहेका सामग्रीहरूमा रहेका तत्कालीन अभिलेख लेखनका लिखित सन्दर्भमा प्रयोग भएका पाठहरूलाई द्वितीयक सामग्रीहरूका रूपमा लिइएको छ। सो सामग्रीहरूलाई विश्लेषण गर्न भाषामा देखिने कालक्रमिक तथा सामाजिक भेदसम्बन्धी भाषावैज्ञानिक विधिलाई प्रयोग गरिएको छ।

## ३. अनुसन्धानको समस्या एवं उद्देश्य

मध्यकालको भाषाको समस्याको रूपमा कथ्य बोलीका लेख्य स्वरूपमा देखिएको अभिलेखहरूमा प्रयुक्त भाषामा रहेका विभिन्न भाषिका सम्बन्धका तथ्यहरूको पहिचान हुन नसकेको समस्यालाई मध्यनजर गरी त्यस्ता भाषिक प्रयोगहरूको विश्लेषणमा केन्द्रित रही सो सामग्रीको विश्लेषण भएको त्यस्तो विषयलाई बाँकी समस्याको रूपमा देखेर यस लेखको शीर्षकलाई समस्याको रूपमा चयन गरिएको छ भने मध्यकालीन अभिलेखको लेख्य भाषामा प्रयोग भएको मल्ल/पर्वते भाषाका रूपमा प्रयोग भएका विशिष्ट भाषिक भेदहरूको पहिचान गर्ने उद्देश्य राखिएको छ।

## ४. भाषिक भेद विश्लेषणसम्बन्धी मान्यता

संसारका कुनै पनि भाषा सधैं स्थिर, निश्चित र एकरूपका हुँदैनन्। भाषा स्वभावैले परिवर्तनशील छ। तसर्थ, यसमा परिवर्तन भइरहन्छ। ऐतिहासिक भाषाका सामग्रीहरूको विश्लेषण गर्ने अनेक विधिहरूमध्ये त्यस्ता भाषाका सामग्रीहरूको विश्लेषणका लागि केन्द्रीकृत रूपमा कालक्रमिक तथा समकालिक भेदको विश्लेषण पद्धतिका आधारमा भाषिक भेदको विश्लेषण गरिन्छ (यादव र रेग्मी, २०६४ : २०)। भाषा समयसँगै परिवर्तन हुँदै जानेहुँदा यस्तो परिवर्तन वर्ण, रूप, वाक्य, अर्थ र अर्थभण्डारका सबै तहमा देखिन्छन्। समयका दुई बिन्दु वा अवधिमा प्रयोग गरिने एक भाषाका फरकफरक स्वरूपलाई नै त्यस भाषाका कालक्रमिक वा ऐतिहासिक भेदका रूपमा विश्लेषण गरिन्छ भने भाषामा समयक्रम मात्र होइन, एकै समयमा पनि विभिन्न भेदहरू देखिन्छन्। कुनै भाषामा एकै समयमा देखिने यस्ता भेदलाई समकालिक भाषिक भेदका रूपमा विश्लेषण गरिन्छ। यस लेखका लागि भाषिक भेद पहिचानसम्बन्धी भाषावैज्ञानिक सैद्धान्तिक विश्लेषण पद्धतिका आधारमा मध्यकालमा भएको अभिलेख लेखनमा देखिएको सामग्रीलाई विश्लेषण गरिएको छ।

## ५. भाषिका विश्लेषणका लागि अभिलेखीय सामग्री

मध्यकालीन मल्ल/पर्वते भाषाको विश्लेषण गर्न निम्नअनुसारका प्राचीन सिंजाली भाषा तथा मध्यकालीन मल्ल/पर्वते भाषाको नमुना रहेका पाइन्छन् :

**भाषाको साक्ष्य– १(सञ्जाली ) भाषा**

*"......एस कनकपत्र भितरकि भाषा गोल्हु जोइसिंका पूत नाति भाइ भतिजो चेलीको चेलो आदि पाव। जो यो कनकपत्र भितरकि भाषा घाल घलाव षोस षोसाव सो आप्ना द्योपितर एकै सै पुरूषा कुंभीनरक घाल। व्रह्मा विष्णु ईश्वर वुद्ध धर्म संध एतिकँ देवँ घाले। जो एति षौकिया नमानि एस् कनकपत्र भितर्कि भाषा घाल घलाव एकै उपद्रव कर, तास्को बुबा गादह तासकि आमा सुंग्रि* (१४१३, पृथ्वीमल्ल; योगी, २०१३ : ४९–५२)।"

**भाषाको साक्ष्य– २(जुम्ली) भाषिका**

*"....छिनांशिम रजस्थाने श्री माहाराजा सुरथ साइज्यूकि मया येशि भै छ नग्रको वंगृशु रोकायाका पुतनाति उपर मया येशि भै छ नवां तां पुरानां कंन्था गरिपाठा उथांइनि नाटि मया भै छ मोड अपुतालि काट्टो जगट्टो नाइका छाडि वैक पांजनु छैन* (१७८३, सुरथशाह; अधिकारी, २०४३ : ४८)।"

**भाषाको साक्ष्य– ३(डोटेली) भाषिका**

*"....श्री रैकाज्यु पायले मया चितोई वकस्या भीतर राम फुल राका वडा माथी पैडगाउको षेत जौ वुउना  सुदा रैड्या १ एक ही उ ना यो नाली ५ पाच रघुनाथ भगीरत भाटले पायो* (१८२२, कृष्णशाह; अधिकारी, २०४३ : ६९)।"

**भाषाको साक्ष्य– ४(पूर्वेली) भाषिका**

*"....अतः पर्वत भाषा। एस धर्मशाला महा वैशाख पूर्णिमा दिन व्राह्मण भोजन दिनु प्रति वर्ष ब्राह्मण जना ५ देवता पंचामृत स्नान पंचोपचार पूजानिमित्य खेत रोपनी ॥ धर्मशाला देखि वायव्यमा गक्कडो लचा भीमस्थान समीप यथा श्रद्धा दक्षिणा उप्रान्त यदि बना बनु छाडि जो कोहि नास्ला पंचमहापातक शुभ–मस्तु सर्वदा* (१७६७, भूपतीन्द्रमल्ल; खनाल, २०२८ : ४०)।"

## ६. सिंजाली र आधुनिक नेपाली भाषा बीचका भेदहरू

हालको नेपाली भाषाको प्राचीन समयको रूपमा वि.सं. ११५१ को बामु खड्काको अभिलेखमा प्रयोग भएका भाषाका व्याकरण सम्मत भएर देखापरेको *श्री साके १०१६ पिछ्यक वामु षडगाहाको कीर्ति षंभ॥ शुभं॥* (खनाल, २०६८ : १७) को स्तम्भलेखका भाषादेखि यताका नेपाली भाषामा रहेका नामधातुहरू र त्यसपछि प्रयोग भएका व्याकरणका अन्य नियमका कारणले नेपाली लिखित भाषाको इतिहास र व्याकरणको प्रारम्भिक प्रयोग सोही मितिदेखि गणना गरिएको पाइएको छ (चालिसे, २०७४ : ९)। तसर्थ वि.सं. ११५१ देखि लिखित रूपमा आएको हालको नेपाली भाषा त्यतिबेला सिंजाली भाषाको रूपमा लिइन्थ्यो। सो भाषाको प्रयोग व्यापक खसराज्यको प्रभावको इलाकामा बोल्ने भाषा भएकाले यस भाषाले आफ्नो स्तरीयतालाई निकै अगाडि बढाएको देखिन्छ। वि.सं. १४५० पछिको वर्माहरूको अभिलेखपछि खसराज्यबाट विभाजित भएका राज्यहरूको तर्फबाट पनि अभिलेखहरू जारी गर्ने काम भएको पाइन्छ। तथापि यो समय एउटा प्राचीन नेपाली भाषाको सिंजाली भाषाको काल खण्ड भएकोले त्यतिबेला जारी भएका

अभिलेखहरूमध्ये खसराज्यको सशक्त शासकीय परम्पराबाट जारी गरिएको पृथ्वी मल्लको वि.सं. १४१३ को अभिलेख सिंजाली भाषाको उन्नत स्तरीयतामा प्रस्तुत भएको अभिलेखको रूपमा लिई त्यस बेलाको भाषालाई माथि उल्लिखित प्राचीन भाषाको साक्ष्य— १ लाई कालक्रमिक वा ऐतिहासिक भेदका रूप आधुनिक नेपालीमा हेर्दा सो भाषाको स्वरूप यस्तो देखिन्छ :

**भाषाको साक्ष्य— ५(आधुनिक) भाषा**

" *......यस कनकपत्र भित्रको भाकालाई गोल्हु जैसीका छोरा नाति भाइ भतिजा छोरीका छोरा आदिले पाऊन्। जसले यस कनकपत्र भित्रको भाकालाई नास्ला नसाउला, खोस्ला खोसाउला उसले आफ्ना देवता र पितृसहित एक सय पुर्खालाई कुम्भीनरकमा पार्ला। ब्रह्मा, विष्णु, ईश्वर, बुद्ध धर्म संध यतिका देवता समेतलाई पार्ला। जसले यति आदेश नमानी यस कनकपत्र भित्रको भाका नास्ला नसाउला त्यसलाई एउटै अपराध गरेको मानिनेछ, त्यसको बाबु गधाहा त्यसको आमा सुंगुर्नी होस्* (१४१३, पृथ्वीमल्ल; योगी, २०१३ : ४९–५२)।"

माथि उल्लिखित अभिलेखीय कालको भाषाको साक्ष्य— १(प्राचीन) मा रहेको सिंजाली भाषाको नमुनाको रूपमा दिइएको छ। सो नमुनामा प्रयोग भएको भाषाको संरचनालाई जस्ताको तस्तै भाषाको साक्ष्य— ५(आधुनिक) मा रहेको नमुनाका रूपमा भावानुवाद गर्दा पृथ्वी मल्लको वि.सं. १४१३ को शिवदेव पण्डितद्वारा लिखित कनकपत्रको अंश प्राचीन सञ्जाली को तुलनामा आधुनिक कालको भाषाको प्रस्तुति र प्रयोगमा आकाश जमिनको फेरबदल भएको देखिन्छ। त्यसैले एउटै भाषाको कुनै कालखण्डमा वक्ताले प्रयोग गर्ने भाषा र अर्को कालखण्डमा वक्ताले प्रयोग गर्ने भाषामा देखिएको भिन्नताले भाषामा कालक्रमिक भेद जनाएको स्पष्ट हुन्छ। प्राचीन कालको साक्ष्य— १, को सिंजाली भाषा र आधुनिक कालको साक्ष्य— ५, को आधुनिक नेपाली भाषाको पारिवारिक सम्बन्धका आधारमा हेर्दा यी दुवै उदाहरणहरू एकै भाषाका कालक्रमिक भेदका रूपमा आएका रहेछन्। प्राचीन नेपाली भाषाको रूपमा रहेको सिंजाली भाषामा देखिएको व्याकरणका भेदहरूमध्ये प्रेरणार्थक जनाउन आउने —आव प्रत्यय आधुनिक कालको प्रेरणार्थक व्याकरण जनाउन —'आउ' प्रत्ययको रूपमा आएको देखिन्छ। माथिको उदाहरणको संजाली मा देखिएको 'षोसाव' तथा 'घलाव' प्रेरणार्थक क्रिया आधुनिक नेपालीमा 'खोसाउ' तथा 'घलाउ' भई व्याकरणिक परिवर्तन भएको देखिन्छ। त्यस्तै प्राचीन नेपालीमा देखिने आज्ञार्थक जनाउन आउने —'व' प्रत्यय आधुनिक कालको आज्ञार्थक जनाउन —'उ' प्रत्ययको रूपमा आएको देखिन्छ। माथिको उदाहरणको सिंजाली भाषामा 'पाव' क्रियाको प्रयोग भएको देखिन्छ। सो क्रियालाई आधुनिक नेपालीमा 'पाउ' आज्ञार्थक क्रियाका रूपमा प्रयोग गरिएको पाइन्छ। तसर्थ कालक्रमिक भेदका रूपमा प्राचीन नेपालीको रूपमा रहेको सिंजाली भाषा र आधुनिक नेपाली भाषाको प्रेरणार्थक तथा आज्ञार्थकमा 'व > उ' परिवर्तन ऐतिहासिक भेदका रूपमा देखिन्छ। प्राचीन नेपालीको सिंजाली भाषामा कर्ता कारकमा 'ले' विभक्तिको प्रयोग भएको पाइएको छैन। तर आधुनिक नेपालीमा भने 'ले' विभक्तिको प्रयोग भएको पाइन्छ। त्यस्तै प्राचीन सिंजाली भाषामा पुलिंगका लागि पनि स्त्रीलिंगी सम्बन्धकारको प्रयोग भएको देखिन्छ। कनकपत्र भितरकि 'भाषा' श्रकनकपत्र

भित्रको भाका' जस्ता भाषिक पदावलीमा आधुनिक नेपालीको 'को' पुलिंग सम्बन्धकारक जनाउने विभक्ति प्रयोग हुनुपर्नेमा सिंजाली भाषामा 'कि' स्त्रीलिंगी सम्बन्धकारकको प्रयोग भएको देखिन्छ। तसर्थ सिंजालीको तुलनामा आधुनिक नेपालीमा वर्ण, व्याकरण, अर्थ र शब्दभण्डारमा देखिएका परिवर्तन देखिएकोले यो नै कालक्रमिक भाषिक भेद हो।

## ७. मध्यकालीन नेपाली भाषाबीचका भेदहरू

संसारका कुनै पनि भाषाहरूको सन्दर्भमा समयक्रममा मात्रै नभई एकै समयमा पनि विविध भेदहरू देखिन्छन्। यस्ता एकै समयका कालखण्डका भाषामा देखिने विभिन्न भेदहरूलाई समकालिक भाषिक भेद भनिन्छ। यस्ता भेदहरूबाट देखिने भाषिका तथा प्रयुक्तिहरूले एकै प्रकारको भाषाबाट भाषिकाको निर्माण गर्दछन् र भाषाको स्तरको अनेकताको प्रयोग भएको देखिन्छ। यसै सन्दर्भमा मध्यकालीन नेपाली भाषाको रूपमा चिनिएको यस भाषाले वि.सं. १४५० को मलय वर्माको राज्यकालमा खसराज्यको विघटतको चर्को परिस्थितिका कारणले सिंजाली भाषाले सर्वप्रथम त आफ्नो नाम नै बदलेर हालको नेपालको कर्णाली प्रदेशमा बाइसे र गण्डकी प्रदेशमा चौबीसे समूहले चिनिने राज्यहरूको उदय भएको देखिन्छ। वि.सं. १४५० पछि सिंजा कुनै शक्तिशाली राज्यको राजधानी रहन सकेन। त्यति बेलासम्म सिंजाली भाषा कर्णाली र गण्डकी क्षेत्रको सम्पूर्ण भूभागमा फैलिसकेको थियो। खस अधिराज्य विघटनपछि पनि खस मल्ल तथा ठकुरीहरूको प्रभाव क्षेत्रमा बोलिने भाषा भएकाले यसलाई 'मल्ल भाषा' (१६९४, रूद्र शाही; योगी, २०२२ : ७४९) को नामले पुकारिएको देखिन्छ भने गण्डकी प्रदेशका उर्वर उपत्यकाका घना बस्तीहरूमा यस भाषाले मौलाउने अवसर पाएको देखिन्छ। नेपालको पार्वत्य प्रदेशका पहाडी मानिसहरूले बोल्ने भाषा भएकाले यसलाई "पर्वत भाषा" (१७६७, भूपतीन्द्र मल्ल; खनाल, २०२८ : ४०) को नामले पनि पुकारिएको पाइन्छ। नेपालमा बोलिने आठ भाषाहरूमध्ये 'पर्वते' भाषालाई कर्कप्याट्रिक (ई.१८११ : २२०-२२८) ले पहाडी भाषाको रूपमा पनि उल्लेख गरेका छन् (शर्मा, २०५६ : २९)। साथै यो समयमा प्राचीनकालको नेपाली भाषामा स्थानीयताको प्रभावका भेदहरू समेत देखिन थाल्यो भने व्याकरणका प्राचीन रूपहरू फेरिने तथा लोप हुने क्रमहरू पनि रह्यो। तसर्थ यस भाषाको विकासक्रमको यो अवधिलाई 'मल्ल/पर्वते' भाषाका रूपमा नामकरण गरिएको देखिन्छ (पोखरेल, २०७४ : ३५८)। यसपछिका सिंजाली भाषाको विभिन्न भौगोलिक तथा सामाजिक रूपमा देखिएको भिन्नताका कारणले तत्कालीन सिंजाली भाषा मध्यकालसम्म आइपुग्दा 'मल्ल/पर्वते'को नामले अभिलेखहरूमा चिनिएको पाइन्छ भने भाषाका प्रयोक्ता एवं वक्ताहरूले प्रयोगमा देखाएको भिन्नताका कारणले जुम्ली, डोटेली तथा पूर्वेली भाषिकाको रूपमा आफ्ना विशिष्टतासहित मध्यकालको यो भाषाले विकासको धर्म थामेर आएको देखिन्छ।

## ८. मध्यकालीन 'मल्ल/पर्वते' भाषामा भाषिकाको विकास

वि.सं. १४५० पछि खसराज्यको समाप्तिसँगै अनेकौं राज्यहरू निर्माणको क्रम प्रारम्भ भयो। यसै क्रममा बाइसी, चौबीसी, सेन, उपत्यकाका मल्ल तथा अन्य सानातिना राज्यहरूमा मध्यकालको 'मल्ल/पर्वते' भाषाका नामले सम्बोधन गरिएका भाषा विभिन्न राज्यको अनौपचारिक कामकाजी भाषाको प्रयोगको

रूपमा दरबार, महल वा आलिशान भवनका साथै स्थानीय समाज र संस्कृतिको प्रभावमा परेको देखिन्छ। यसै प्रभावका आधारमा बृहत्तर खसराज्यको समयको सिंजाली भाषाले भौगोलिकता तथा सामाजिक परम्पराका स्थानीयता प्रभावलाई आत्मसात् गरेर सिंजाली भाषाको आधारलाई खुम्च्याएर जुम्ली भाषिकाको रूपमा अगाडि बढेको देखिन्छ किनभने त्यतिबेलाको जुम्ला केन्द्र र त्यसको प्रभावका जुम्ला, हुम्ला, डोल्पा, मुगु, कालीकोट तथा अन्य साना राज्यहरूको सामाजिक, सांस्कृतिक परम्परा, रीतिथिति र अन्य साना राज्यहरूको भरोसा जुम्लाको वैभवी परम्परामा आएर साँघुरियो। यसैबाट नै मध्यकालको 'मल्ल/पर्वते' भाषाको नामले चिनिएको यो भाषामा वर्ण उच्चारण, शब्दको अर्थमा परिवर्तन, व्याकरणमा परिवर्तनका भेदहरू देखापर्न थाल्यो। यसै सेरोफेरोमा रहेको सिंजाली भाषाको विरासत जुम्ली भाषिकामा गएर प्रत्यारोपित भयो। यसैलाई नै मध्यकालीन 'मल्ल/पर्वते' भाषाको जुम्ली भाषिका रूपमा हेरिएको छ।

बाइसी राज्यका केही राज्यहरू खसराज्यको समाप्तिपछि विकसित भए। वि.सं. १४५० पछि खसराज्यको समाप्तिसँगै डोटीराज्य खसराज्यको करदराज्यको रूपमा खसराज्यमा अधीनस्थ थियो। यो राज्य विगतदेखि नै खसराज्यको अधीनस्थ भए पनि यसले आफ्ना स्वतन्त्र भाषिक गतिविधिहरू सञ्चालन गर्दै आएको देखिन्छ। सामाजिक सांस्कृतिक हिसाबले ठकुराई परम्पराका जेजस्ता मान्यताहरू भए पनि भाषाको प्रयोग र प्रचलनको प्रचार सिंजालीबाटै छोइछुट्ये गरेर अगाडि बढेको देखिन्छ। यतिबेलाका शासकहरूले आफ्ना अभिलेखहरू जारी गर्दा मल्ल/पर्वते भाषाकै रूपमा जारी गरे पनि भौगोलिक तथा सामाजिक हिसाबले यस राज्य र यस वरिपरिका अछाम, बझाङ, बाजुरा र डोटी राज्यहरूको भाषाले ग्रहण गरेको स्थानीय प्रभावलाई अभिलेख जारी गर्दा प्रयोग गरिएको भाषिक संरचनामा ध्वनि, वर्ण, अर्थ, व्याकरण तथा शब्द एवं शब्दभण्डारमा नयाँ आयामहरू देखापरेका छन्। व्यक्तिबोलीमा आएको समयको फेरबदलको प्रयोग र लेखकहरूको ज्ञानको दायराबाट यो भाषा प्राचीन सिंजाली भाषाको वटवृक्षबाट छुट्टै पलाएको स्तरीय भाषिकाको रूपमा देखापरेको पाइन्छ। साथै यस भाषिकामा कुमाउँ तथा गढवाली भाषाका केही विशेषताका प्रभावका कारणले पनि यसलाई भाषिकालाई मध्यकालमा सुदृढ गरेको समेत देखिन्छ।

चौबिसी राज्य, सेनराज्य तथा उपत्यकाका मल्ल राज्यहरूमा प्रयोग गरिएको अभिलेखीय 'मल्ल/पर्वते' भाषामा आएको फेरबदललाई पूर्वेली भाषिकाको रूपमा लिइएको छ। यो भाषिकामा मिश्रित सांस्कृतिक परम्परा, मिश्रित जातीय मान्यता, मिश्रित भाषिक अनुशीलन तथा भौगोलिक तथा फरकफरक सामाजिक संरचनाका आधारहरूले वक्ताहरूका बीच भाषाको प्रयोगमा विविधीकरण गर्नुपर्नेमा त्यसो नगरी जुम्ली तथा डोटेली भाषाको स्थानीयताभन्दा फरक ढङ्गले पूर्वेली भाषिकाको रूपमा अगाडि बढेको देखिन्छ। पूर्वेली भाषिका मध्यकालीन समयमा जनजीवनको आवश्यकताको भाषाको रूपमा विभिन्न राज्यहरूमा प्रवेश गरेको देखिन्छ। सेन राज्यहरूमा बोलिने आफ्नै राजकीय भाषा थियो भने उपत्यकाका मल्लहरूले राजकीय भाषाको रूपमा आफ्नो जातीय भाषालाई मानेका थिए तर पनि सिंजाली भाषाकै व्यक्तिबोली प्रभावित दिशा पूर्वतिर अगाडि बढेको भाषाको प्रभावले यी राज्यहरूका जनस्तरमा भाषाको प्रयोग व्यापक हुन पुग्यो। यिनै जनस्तरीय प्रभावका कारणले मध्यकालको पछिल्लो समयमा विभिन्न राज्यका अभिलेखको भाषामा जबरजस्त प्रवेश गरेको देखिन्छ।

मध्यकालीन अवस्थाको पूर्वेली भाषिकाको क्षेत्र भेरी क्षेत्रदेखि पूर्वमा भक्तपुर राज्यसम्मको क्षेत्रलाई पूर्वेली भाषिका रहेको छ। ती क्षेत्रहरूमा पनि स्थानीयताको प्रभाव, भोजपुरी, अवधि, मैथिली र नेवारी भाषाको प्रभावका कारणले प्राचीन भाषा कालको सिंजाली भाषा मध्यकालका ती क्षेत्रमा बिस्तारै भाषिकामा रूपान्तरण भएको देखिन्छ (अधिकारी, २०५६ : ७५)। यतिबेलाका शासकहरूले आफ्ना अभिलेखहरू जारी गर्दा 'मल्ल/पर्वते' भाषाकै रूपमा जारी गरे पनि भौगोलिक तथा सामाजिक हिसाबले यस राज्य र यसका वरिपरिका राज्यहरूको भाषाले ग्रहण गरेको स्थानीय प्रभावलाई अभिलेख जारी गर्दा प्रयोग गरिएको भाषिक संरचनामा ध्वनि, वर्ण, अर्थ, व्याकरण, शब्द एवं शब्दभण्डारमा नयाँ आयामहरू देखापरेका छन्। 'मल्ल/पर्वते' भाषाबाट विकास भएका भाषिकाहरूको सन्दर्भमा उदाहरण सहित निम्नअनुसार प्रस्तुत गरिएको छ :

### ८.१ मल्ल/पर्वतेको भाषिकाको दिशा

मध्यकालीन समयको 'मल्ल/पर्वते' भाषामा लेखिएका अभिलेखहरूमा जुम्ली, डोटेली र पूर्वेली भाषिकाको नमूनाको रूपमा माथि उल्लिखित भाषाको साक्ष्य– २ देखि ४ सम्म प्रस्तुत उदाहरणको रूपमा रहेको छ। यो र यो जस्तै अन्य ती भाषिकाका अभिलेखहरूमा प्रयोग भएका ध्वनि, वर्ण, व्याकरण, शब्द र अर्थमा आएको भिन्नताले ती भाषिका विकासमा सहयोग गरेको निम्नअनुसार देखिन्छ :

### ८.१.१ शब्द तहको ध्वनि एवं वर्णमा परिवर्तन

मध्यकालीन अवस्थाको मल्ल/पर्वते भाषाको नामले पहिचान पाएको नेपाली भाषाको शब्दतहको ध्वनि एवं वर्णमा आएको परिवर्तनले सो भाषाबाट जुम्ली, डोटेली र पूर्वेली भाषिकामा छुट्टिनका लागि अभिलेखमा प्रयोग भएका भाषाका स्थानीय भेदहरू निम्नअनुसार रहेका देखिन्छन् :

**तालिका नं.– १ :** मल्ल/पर्वते भाषाको शाब्दिक तहको परिवर्तन

| क्र.सं. | भषिका | स्तरीयता | मल्ल/पर्वतेकालीन | परिवर्तन | सन्दर्भ स्रोत |
|---|---|---|---|---|---|
| १. | जुम्ली भाषिका | पर | पडो | र >डो | (१६४७, गणेश यशु; योगी, २०१३ : १२५) |
| | | वर | वडो | र >डो | (१५५०, गगनिराज; अधिकारी, २०५५ : ७४) |
| | | सहित | शैत् | हित >इत् | (१७८६, सुरथशाह; योगी, २०१३ : १४६) |
| | | समेत | समेत् | त >त् | (१५५०, गगनिराज; अधिकारी, २०५५ : ७४) |
| | | उपर | उप्र | पर >प्र | (१६२२–३२, भानशाही; योगी २०१३ : १२३) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | हुँदा | हुँदि | आ >इ | (१४८५, इन्द्र र चन्द्रवर्मा; अधिकारी, २०४३ : १०५) |
| | | भित्र | भितर | त्र >तर | (१३२७, अक्षयमल्ल; "यात्री", २०३९ : ७३) |
| २. | डोटेली भाषिका | पर | पढो | र >ढो | (१४८३, पृथ्वीमल्ल (सुमतिबम्म); थापा, २०३४ : ७) |
| | | वर<br>सहित | वोढो/वडो (बझाङ)<br>सइत | र >ढो/र >डो<br>हित >इत | (१४९७, शक्तिब्रह्म, अधिकारी; २०४३ : ८४)<br>(१५६७, हरिदेव; "यात्री", २०३४ : २४९) |
| | | समेत | स्मेत | स>स् | (१६१५, भूपतिमल्ल; योगी, २०२२ : ७४८) |
| | | उपर | उपरि | र >रि | (१७३६, अछामी मल्ली; पोखरेल, २०४३ : ९४) |
| | | हुँदा | हुँदो | आ >ओ | (१४६२, भैरवसिंह; अधिकारी, २०४३ : ८५) |
| | | भित्र | भितरू | त्र >तरू | (१७३१, जितारीसिंह; सुवेदी, २०५५ : ११०) |
| ३. | पूर्वेली भाषिका | पर | पर | यथावत् | — |
| | | वर | वोर | व>वो | (१८२०, मुकुन्दसेन श्रेष्ठ; २०४४ : २२२) |
| | | सहित | सहित | यथावत् | — |
| | | समेत | समेत | यथावत् | — |
| | | उपर | उपर | यथावत् | — |
| | | हुँदा | हुँदा | यथावत् | — |
| | | भित्र | भित्र | यथावत् | — |

माथि तालिका नं. १ मा दिइएको मल्ल/पर्वते भाषाको नामले चिनिने मध्यकालीन नेपाली भाषामा तीनवटा शासनका केन्द्रहरूलाई भाषा केन्द्रको रूपमा लिएर तत्कालीन भाषाको परस्थानिक कोटीहरूलाई अध्ययन गर्दा सो कालमा जुम्ली, डोटेली र पूर्वेली भाषिका विकास हुनका लागि शब्दतहमा आएको ध्वनि

एवं वर्ण उच्चारण र लेखनमा भेदहरू देखिएका छन् । वर्तमान नेपाली भाषामा देखिएका भाषिकाको भेद सिंजाली भाषा कालको अवस्थाबाट विकासहुँदै यिनै आधारबाट पछिल्लो कालमा विकास भएर आएको पाइन्छ।

### ८.१.२ व्याकरणिक तहको ध्वनि एवं वर्ण परिवर्तन

मध्यकालीन अवस्थाको मल्ल/पर्वते भाषाको नामले पहिचान पाएको नेपाली भाषाको व्याकरणिक तहको ध्वनि एवं वर्णमा आएको परिवर्तनले सो भाषाबाट जुम्ली, डोटेली र पूर्वेली भाषिकामा छुट्टिनका लागि अभिलेखमा प्रयोग भएका भाषाका स्थानीय भेदहरू निम्नअनुसार रहेका देखिन्छन् ।

**तालिका नं.— २ :** मल्ल/पर्वते भाषाको व्याकरणिक तहको परिवर्तन

| क्र.सं. | भाषिका | स्तरीयता | मल्ल/पर्वते | परिवर्तन | प्रयुक्त स्थान | सन्दर्भ स्रोत |
|---|---|---|---|---|---|---|
| १. | जुम्ली | लाई | लाई | यथावत् | जुम्ला | (१५५०, गगनिराज; अधिकारी , २०५५ : ७४) |
| | | ले | ले | यथावत् | जुम्ला | (१५५०, गगनिराज; अधिकारी, २०५५ : ७४) |
| २. | डोटेली | लाई | लय | ई>य | डोटी | (१४५५ बलिराज; योगी, २०१३ : १६५) |
| | | | लहि | ई>हि | डोटी | (१४५५ बलिराज; योगी, २०१३ : १६५) |
| | | | के | लाई >के | डोटी | (१४७५, सिरवम्म; सुवेदी, २०३६ : ९७) |
| | | ले | लइ | ए>इ | डोटी | (१५६७, हरिदेव; "यात्री", २०३४ : २४९) |
| | | | लै | ए >ऐ | डोटी | (१४६९, रिपुमल्ल; पन्त, २०३२ : ८८) |
| ३. | पूर्वेली | को | क्व | ओ >व | काठमाडौं | (१६८९ जगज्ज्योर्ति; खनाल, २०३० : २१–२२) |
| | | मा | म्ह | आश्रअह | काठमाडौं | (१६९८, लक्ष्मीनरसिंह मल्ल; बराल, २०४६:१४) |
| | | | म्हा | आ>अहा | काठमाडौं | (१७२७, प्रतापमल्ल; पोखरेल, २०४३ : ९०) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | महा | आ>आहा | काठमाडौं | (१७२७, प्रतापमल्ल; पोखरेल, २०४३ : ९०) |
| | | | मँहाँ | आ>अँहाँ | गोरखा | (१८२०, पृथ्वीनारायण; योगी, २०२२ : ७०९) |
| | | | माहाँ | आ>आहाँ | गोरखा | (१८२३, पृथ्वीनारायण; पोखरेल, २०४३ : १४१) |

माथि तालिका नं. २ मा दिइएको मल्ल/पर्वते भाषाको नामले चिनिने मध्यकालीन नेपाली भाषामा तीनवटा शासनका केन्द्रहरूलाई भाषा केन्द्रको रूपमा लिएर तत्कालीन भाषाको वाक्यमा कर्ता, कर्म, अधिकरण तथा सम्बन्ध कारकको व्याकरणिक कार्य गर्न आउने विभक्तिहरूको ध्वनि तथा शब्दमा नै परिवर्तन भएको देख्न सकिन्छ। तसर्थ मध्यकालको मल्ल/पर्वते भाषामा देखिएका जुम्ली, डोटेली र पूर्वेली भाषिका विकास हुनका लागि व्याकरणिक शब्दमा आएको ध्वनि एवं वर्ण लेखनमा भेदहरू देखिएका छन्। वर्तमान नेपाली भाषामा देखिएका भाषिकाको भेद सिंजाली भाषा कालको अवस्थाबाट विकासहुँदै यिनै आधारबाट पछिल्लो कालमा विकास भएर आएको पाइन्छ।

### ८.१.३ नामिक सम्बोधनमा देखिने 'ज्यू' शब्दको भेद

मध्यकालीन समयको मल्ल/पर्वते भाषाको नामले पहिचान पाएको नेपाली भाषाको नामिक सम्बोधनमा देखिने ज्यू शब्दमा आएको परिवर्तनले सो भाषाबाट जुम्ली, डोटेली र पूर्वेली भाषिकामा छुट्टिनका लागि प्रयोग भएका भाषाका स्थानीय भेदहरू यसप्रकार देखिन्छन् :

**तालिका नं.— ३ :** नामिक सम्बोधनमा देखिने 'ज्यू' शब्दको भेद

| ऋ.सं. | स्तरीयता | भाषिका | मल्ल/पर्वते | परिवर्तन | प्रयुक्त स्थान | सन्दर्भ स्रोत |
|---|---|---|---|---|---|---|
| १. | ज्यू | जुम्ली | जिउ | ज्यू> जिउ | जुम्ला | (१४१३, पृथ्वी मल्ल; योगी, २०१३ : ४९–५२) |
| | | डोटेली | जु | ज्यू> जु | डोटी | (१६७१, राम शाही; थापा, २०३१–३४ : १२४) |
| | | पूर्वेली | जी | ज्यू>जी | प्युठान | (१७६०, पृथ्वीपति शाह; अधिकारी, २०४३ : १५५) |

माथि उल्लिखित नामिक सम्बोधनमा देखिने ज्यू शब्दको भेदमा देखिएको परिवर्तनले जुम्ली भाषिकामा ज्यू श्रजीउ भएको रहेछ भने डोटेलीमा 'ज्यू>जु' भएको रहेछ। त्यस्तै मध्यकालीन मल्ल/पर्वतेको पूर्वीय भाषिकामा 'ज्यू>जु' को रूपमा प्रयोग भएको रहेछ।

## ८.१.४ वाक्यका पछाडिका ज्यू शब्द स्वीकृतिको अर्थमा प्रयोग भेद

मध्यकालीन समयको मल्ल/पर्वते भाषाको नामले चिनिएको नेपाली भाषाको वाक्यका पछाडिका 'ज्यू' शब्दले अभिलेख लेखकको बाचाबेहोराको स्वीकृतिको अर्थमा जुम्ली, डोटेली र पूर्वेली भाषिकामा प्रयोग भएका भाषाका स्थानीय भेदहरू पाइन्छन्। यस्तो प्रयोग न सिंजाली कालमा थियो। न आधुनिक नेपाली भाषामा प्रयोग भएको पाइन्छ। त्यस्तै मध्यकालीन समयको मल्ल/पर्वते भाषाको पूर्वेली भाषिकामा पनि यस्तो शब्दको प्रयोग भएको पाइँदैन। 'ज्यू' शब्दलाई मध्यकालको जुम्ली तथा डोटेलीमा वाक्यपश्च थेगोको रूपमा प्रयोग गरेको देखिन्छ।

**तालिका नं.— ४ :** वाक्यका पछाडिका 'ज्यू' शब्द स्वीकृतिको अर्थमा प्रयोग भेद

| क्र.सं. | थेगो | भाषिका | *मल्ल/पर्वते भाषा* **आधुनिकमा उल्था** | **प्रयुक्त स्थान** |
|---|---|---|---|---|
| १. | वाक्य पश्चज्यू | जुम्ली | *राजगुरूको प्रतिपाल गर्नु ज्यु* [**राजगुरूको प्रतिपाल गर्नु, ज्यू** ](१५५५, विवोषशाही, योगी, २०१३ : १२०) | जुम्ला |
| | | | *शंकल्प गरि्द दियो क्ष जिउ* [**संकल्प गरिदियो छ, ज्यू** ] (१७३६, अछामी मल्ली, पोखरेल, २०४३ : ९४) | अछाम |
| | | डोटेली | *विसषेतलाई मया चितयो ज्यु* [**बिस खेतलाई माया चितायो, ज्यू** ] (१६९६ ग्रामराज अधिकारी, २०५५ : ९० ) | बझाङ |
| | | पूर्वेली | यस्तो वाक्यको संरचना छैन | — |

माथि उल्लिखित तालिका नं. ४ को वाक्यका पछाडिका 'ज्यू' शब्द स्वीकृतिको अर्थमा प्रयोग भेद देखिए पनि वाक्यको समापिका क्रिया पछाडि प्रयोग भएको 'ज्यू' वाक्य पश्च थेगोको रूपमा मध्यकालीन जुम्ली र डोटेलीजस्ता दुवै भाषिकामा प्रयोग भएको देखिन्छ। तसर्थ मध्यकालका सानासाना राज्यप्रशासनमा राज्य प्रमुखहरूले भन्ने र लेखकले त्यसको बाचा बेहोरामा सम्मानसूचक 'थेगो'को अर्थमा [हस् वा हजुर] भन्दै बेहोरा लेख्ने प्रचलन देखिन्छ। खसराज्यको विभाजनपछि र बाइसी चौबिसीजस्ता राज्यको गठनसँगै तत्कालीन राजा रजौटाहरूको दरबारमा यस्तो प्रवृत्तिले स्थान पाएकाले विघटित खसराज्यको जुम्ला, बझाङ र अछाम क्षेत्रमा मध्यकालीन नेपालीको वाक्य पश्च 'ज्यू' थेगो विशिष्ट प्रयोगको रूपमा रहेछ भने पूर्वेलीमा यस्तो वाक्यसंरचनाको प्रयोग भएको पाइदैन (पोखरेल, २०७४ : ३८१)।

### ८.१.५ उखान र उपदेशहरूमा स्थानीयताको भेद

मध्यकालीन समयको मल्ल/पर्वते भाषाको नामले चिनिएको नेपाली भाषाको अभिलेखहरूमा रहेका भाषाका बेहोराहरूका उखान र उपदेशहरूमा स्थानीयताको भेद जुम्ली, डोटेली र पूर्वेली भाषिकामा प्रयोग भएका पाइन्छन् :

**तालिका नं.— ५ :** उखान र उपदेशहरूमा स्थानीयताको भेद

| क्र.सं. | स्थानीयता | मल्ल/पर्वते भाषा का उखान र उपदेशहरू | संरचनाको आधार |
|---|---|---|---|
| १. | जुम्ली | **जिउँदा डोला मऱ्या डाँडि** [जिउँदाको जन्ती मर्दाको मलामी ] (१५९७, भान शाही; अधिकारी, २०४३ : ३४) | अभिलेखका जुम्ली भाषिकामा उखानका प्रचलित पदावलीहरू |
| | | **जाड भुरू मास फुरू** [जाडोका घसेटा र मासको कुस्यौरौ ] (१६३५, भान शाही; अधिकारी, २०४३ : ३७)। | |
| २. | डोटेली | **जवको चिलो परालको पुलो** [जौको विटो र परालको मुठो समेतै ] (१४५७, शक्ति ब्रह्म; अधिकारी, २०४३ : ८४) | अभिलेखका डोटेली भाषिकामा उखानका प्रचलित पदावलीहरू |
| | | **माटाका फिरि पैसाका कार्ल** [भूमिको फाल पैसाको कालै ] (१७४३, जितारी सिंह, सुवेदी; २०५५ : १११) | |
| ३. | पूर्वेली | **जाई कटक नगर्नू भिकि कटक गर्नू** [आरोप नलगाउनू, लगाए नछोड्नु] (१८३१, पृथ्वीनारायण शाह; पोखरेल २०४३ : १५०) | अभिलेखका पूर्वेली भाषिकामा उपदेशका प्रचलित पदावलीहरू |
| | | [**प्रजा मोटा भया दर्वार बलियो रहन्छ** जनता रहे मात्र शासन रहन्छ ](१८३१, पृथ्वीनारायण शाह; पोखरेल, २०४३ : १५०) | |

माथि उल्लिखित तालिका नं. ५ को पदावलीहरू उखानको जस्तो रूपमा प्रयोग भएको देखिए पनि जुम्ला र डोटी भाषिकाका पदावलीहरू मात्र उखानका रूपमा देखिएका छन्। तर पूर्वेली भाषिकाको पदावलीहरूले उखानका रूपमा भन्दा पनि आज्ञार्थक एवं उपदेशात्मक भावको प्रकट गरेको देखिन्छ। त्यसैले भाषिका निर्माण हुनका लागि पदावलीहरूले कतै उखानका रूपमा विकसित भएर अभिलेखमा प्रयुक्त भएका देखिन्छन् भने कतै उपदेशात्मक भाव मात्रै प्रकट गरेको देखिन्छन्।

### ८.१.६ पूर्वेली भाषिका सरकारी भाषाको रूपमा प्रचलित

मध्यकालीन समयको मल्ल/पर्वते भाषाको नामले चिनिएको भए पनि सो कालमा प्रचलित पूर्वी भाषिका पर्वते भाषाको भेदको रूपमा पछिल्लो समय गोरखाली भाषाको नामले प्रचलित हुनपुग्यो। यो भाषा मल्ल/पर्वते कालको मध्य समयतिर सरकारी कामकाजको भाषाको रूपमा समेत देखापऱ्यो। यसै सन्दर्भमा उपत्यकाको काठमाडौं र भक्तपुर, चौबिसी राज्यको गोरखा, लम्जुङ, पर्वत, कास्की र प्युठान एवं सेन राज्यहरूको मकवानपुर, गुल्मी, तनहुँ, विजयपुर तथा पाल्पाका औपचारिक एवं अनौपचारिक सरकारी भाषाको रूपमा प्रयोग भएर पूर्वीय भाषिकाले हालको नेपाली भाषाको स्तरीय नेपाली भाषामा अगाडि बढ्न सकेको हो। काठमाडौंबाट प्रकाशित लक्ष्मीनरसिंह मल्लको वि.सं. १६९८ को अभिलेख (बराल, २०४६ : १४) तथा भक्तपुरबाट प्रकाशित जगज्जोर्ति मल्लको वि.सं. १६८९ को अभिलेख (खनाल, २०३० : २१–२२) काठमाडौं उपत्यकाको नेवार राज्यहरूमा मल्ल/पर्वते भाषाको नामबाट पूर्वेली भाषिकाको रूपले सरकारी भाषाको रूपमा प्रवेश गरेको देखिन्छ। त्यस्तै गोरखाबाट प्रकाशित डम्बर शाहको वि.सं. १७०८ को अभिलेख (खनाल, २०३० : २६), लमजुङबाट प्रकाशित केहरिनारायण शाहको वि.सं. १७४१ (तिवारी, २०२१ : १०–११), प्युठानबाट प्रकाशित पृथ्वीपति शाहको वि.सं.१७६० (अधिकारी, २०४३ : १५५), पर्वतबाट प्रकाशित मल्लै वंमको वि.सं. १७७६ को अभिलेख (श्रेष्ठ, ई.१९८० : ७६) एवं कास्कीबाट प्रकाशित जसमत शाहको अभिलेख (श्रेष्ठ, ई.१९८० : ७८) को चौबिसी राज्यहरूमा मल्ल/पर्वते भाषाको नामबाट पूर्वेली भाषिकाको रूपले सरकारी भाषाको रूपमा प्रवेश गरेको समेत देखिन्छ। सेन राज्यहरूको आफ्नै सरकारी भाषा थियो तापनि मकवानपुरबाट प्रकाशित माणिक सेनको वि.सं. १७८४ को अभिलेख (राजवंशी, २०२० : ८), गुल्मीबाट प्रकाशित सत्यधन शाहको वि.सं. १८०६ को अभिलेख (सुवेदी, २०५५ : १२१), तनहुँबाट प्रकाशित त्रिविक्रम सेनको वि.सं. १८२० को अभिलेख (अधिकारी, २०५५ : ८६–१०६), विजयपुरबाट प्रकाशित बुधिकर्न राईको वि.सं. १८२९ को अभिलेख (राजवंशी, २०२० : १८–१९) तथा पाल्पाबाट प्रकाशित मुकुन्द सेनको वि.सं. १८३४ को अभिलेखहरूमा प्रयोग भएको मल्ल/पर्वतेको पूर्वीय भाषिकाको रूपमा विकास भएको भाषाले सेन राज्यमा सरकारी भाषाको रूपमा आफ्नो स्थान जमाएको देखिन्छ। तसर्थ पूर्वेली भाषिका औपचारिक एवं अनौपचारिक रूपमा सरकारी कामकाजको भाषाको रूपमा प्रवेश गरेको प्रष्ट देखिन्छ।

## ९. निष्कर्ष

हालको नेपाली भाषाको लिखित इतिहासलाई हेर्दा मध्यकालको रूपमा वि.सं. १४५० पछि खसराज्यको विघटनका साथै बाइसी एवं चौबिसी राज्यहरूको निर्माणको क्रमका साथै काठमाडौं उपत्यका विभिन्न जातीय तरिकाले बनेको राज्यको अवस्थाका साथै सेनहरूको अधीनस्थ क्षेत्रमा प्रयोग भएको मल्ल/पर्वते भाषा नै पछिल्लो चरणमा विभिन्न स्थानीय उच्चारण, व्यक्ति बोलीको प्रभाव, भौगोलिक तथा सामाजिक भेद एवं अन्य भाषाको तत्कालीन सिंजाली भाषामा देखिएको देखिएको आकर्षणका कारणले

नेपाली भाषामा प्राचीन कालको सिंजाली भाषाबाटै मध्यकालमा मल्ल पर्वते भाषाको रूपमा देखापऱ्यो र बिस्तारै जुम्ली, डोटेली तथा पूर्वेली भाषिकाको निर्माणका लागि अगाडि बढेको देखिन्छ। यो कालमा उच्चतम आदरार्थीको क्रियामा प्रयोग हुने बकसऱ (१५८६, भानशाही; योगी, २०१३ : १२२) धातुको प्रयोग जुम्ली भाषिकामा पाइन्छ भने बहुवचन जनाउने हरूऱ (१७६०, पृथ्वीपति शाह; अधिकारी, २०४३ : १५५) नामयोगीको प्रयोग पूर्वेली भाषिकामा मध्यकालमा प्रयोग भएको पाइन्छ। यसका साथै अन्य थुप्रै कारणहरूले पनि प्राचीन सिंजाली भाषा मध्यकालमा विभिन्न नामले अभिलेखमा स्वीकार गरिएको भए तापनि वक्ताहरूको भाषा कारोवारको दिशा भने भाषिकीकरणतिर अग्रसर भएको देखिन्छ। मध्यकालीन मल्ल/पर्वते भाषामा शब्द तहको ध्वनि एवं वर्णमा परिवर्तन, व्याकरणिक तहको ध्वनि एवं वर्ण परिवर्तन, नामिक सम्बोधनमा देखिने 'ज्यू' शब्दको भेद, वाक्यका पछाडिका 'ज्यू' शब्द स्वीकृतिको अर्थमा प्रयोग भेद, उखान र उपदेशहरूमा स्थानीयताको भेद तथा पूर्वेली भाषिका सरकारी भाषाको रूपमा प्रचलित प्रयोग भेदहरूका कारणले पनि प्राचीन कालको सिंजालीको रूपमा विकास भएको भाषा मध्यकालीन मल्ल/पर्वते भाषाबाटै बिस्तारै भाषिकामा परिवर्तन हुँदै गएको देखिन्छ। समग्रमा हेर्दा, 'मल्लभाषा' शब्दले जुम्ली भाषिकाको हाँकलाई आत्मसात् गरेको देखिन्छ भने, 'पर्वतभाषा' शब्दले पूर्वेली भाषिकाको सहोदर साइनोलाई ग्रहण गरेको देखिन्छ। यसैबाट नै भाषिकाको विकासको प्रारम्भ भएको निष्कर्ष निस्कन्छ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, सूर्यमणि (२०४३), **पश्चिम नेपालको ऐतिहासिक अन्वेषण,** नेपाल र एशियाली अध्ययन संस्थान, त्रिवि।

अधिकारी, सूर्यमणि (२०५५), **जुम्लाराज्यको इतिहास,** नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.।

अधिकारी, सूर्यमणि (२०५६), **नेपाली भाषाको इतिहास,** भुँडीपुराण प्रकाशन।

खनाल, मोहनप्रसाद(२०२८), **अभिलेख संकलन**, साझा प्रकाशन।

खनाल, मोहनप्रसाद (२०३०), **मध्यकालीन अभिलेख**, स्वयम् ।

खनाल, मोहनप्रसाद (२०६८), **नेपाली भाषाको हजार वर्ष**, राइनो पब्लिकेसन प्रा.लि।

चालिसे, विदुर (२०७४), **अभिलेखीय नेपाली नामधातु**, जनता प्रसारण तथा प्रकाशन प्रा.लि.।

तिवारी, रामजी र अन्य (२०२१), **ऐतिहासिक पत्रसंग्रह**, दोस्रो भाग।

थापा, रमेशजङ्ग (२०३१–३४ सम्पा.), *ऐतिहासिक पत्रस्तम्भ*, **प्राचीन नेपाल**, ३०–३९ : १२३–१३८।

थापा, रमेशजङ्ग (२०३४ सम्पा.), *ऐतिहासिक पत्रस्तम्भ*, **प्राचीन नेपाल**, ४०–४१ : ३५।

नेपाल, पूर्णप्रकाश यात्री (२०३४), **सेतीका तारा**, हिमाली सौगात प्रकाशन।

नेपाल, पूर्णप्रकाश यात्री (२०३९) **राजा गगनिराजको यात्रा**, नेपाल रिसर्च एसोसिएटस्।

पन्त, देवकान्त (२०३२), **डोटेली लोक साहित्य**, नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि.।

पोखरेल, बालकृष्ण (२०४३), **पाँचसय वर्ष**, साभा प्रकाशन।

पोखरेल, माधवप्रसाद (२०७४), **जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास**, जगदम्बा प्रकाशन।

बराल, ईश्वर (२०४६), **सयपत्री**, साभा प्रकाशन।

यादव, योगेन्द्रप्रसाद र अन्य (२०६४), **भाषाविज्ञान**, न्यु हीरा बुक्स डिष्टिब्युटर्स।

योगी, नरहरिनाथ (२०१३), **इतिहास प्रकाश**, अङ्क–२,भाग–१. इतिहास प्रकाशक संघ।

योगी, नरहरिनाथ (२०२२), **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह**, गोरक्ष प्रकाशनमाला।

राजवंशी, शंकरमान (२०२०), **सेन वंशावली**, पुरातत्व र संस्कृति विभाग।

राजवंशी, शंकरमान (२०२०), **बाइसीराज्यको ऐतिहासिक रूपरेखा**, नेपाल र एशियाली केन्द्र, त्रि.वि.।

शर्मा, सुकुम (२०४६), **नेपाली व्याकरणको ऐतिहासिक सर्वेक्षण**, वाङमय प्रकशन।

श्रेष्ठ, टेकबहादुर (ई. १९८०), *कीर्तिवम मल्ल र उनका अप्रकाशित अभिलेख*, **कन्ट्रिब्युसन टु नेप्लीज् स्टडिज्**, ७–८।

श्रेष्ठ, टेकबहादुर (२०४४), *पर्वतका केही अभिलेखहरू*, **कन्ट्रिब्युसन टु नेप्लीज् स्टडिज्**, भाग–१०.१–२ : ११२।

सुवेदी, राजाराम (ई.१९७९), *बभाङ जिल्लाका बाह्र अभिलेखहरू*, **कन्ट्रिब्युसन टु नेप्लीज् स्टडिज्**, ६–२ : ७३।

सुवेदी, राजाराम (२०५५), **बाइसीराज्यको ऐतिहासिक रूपरेखा**, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.।

# अपरा

विज्ञ समीक्षित अनुसन्धान पत्रिका

मुद्रणः श्रीस्टार प्रिन्टिङ प्रेस, बागबजार

ISSN No. 2382-5138